# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं माघ १० गते, २०६२ साल (संख्या ४०

## भाग ४

श्री ५ को सरकार

रक्षा मन्त्रालयको

सूचना

श्री ५ को सरकारले शाही नेपाली सेनाको श्री सबुज गण, सिमखर्क ब्यारेक सल्यानको लागि आवश्यक पर्ने फिल्ड फायरिङ्ग तथा अभ्यास कार्यको लागि देहायका गाउँ विकास समितिका देहायका चारकिल्ला र क्षेत्रफलका जग्गाहरूमा फिल्ड फायरिङ्ग तथा अन्य अभ्यास कार्य सञ्चालन गर्ने समयमा सामुदायिक वन समूहका उपभोक्ताहरू एवं सर्वसाधारण मानिसहरू उक्त वन क्षेत्रमा प्रवेश गर्न नपाउने र शाही नेपाली सेनाको सो कार्य सम्पन्न भै सकेपछि पूर्ववत रूपमा सामुदायिक वन सो समूहका उपभोक्ताहरू एवं सर्वसाधारण मानिसहरूले नियमानुसार उक्त वन जंगल क्षेत्र उपभोग गर्न पाउने गरी उक्त क्षेत्रलाई फिल्ड फाइरिङ्ग तथा अभ्यास इलाका घोषणा गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि.नं. | स्थान र विवरण | अञ्चल | जिल्ला | गा.वि.स. वडा नं. | अभ्यास क्षेत्रको चारकिल्ला | | | | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| १ | सिमखर्क सामुदायिक वन क्षेत्र | राप्ती | सल्यान | मार्के गा.वि.स. वडा नं. ७ | सेजवालटाकुरा गा.वि.स. वडा नं. ९ सुनटाकुरा | मार्के गा.वि.स. वडा नं. ६ धिरुवा | मार्के गा.वि.स. वडा नं. ६ हात्तीढुंगा र कुभिण्डे दह गा.वि.स. वडा नं. ६ वेतनी खोला | मार्के गा.वि.स. वडा नं. ७ कालिका मन्दिर | (अनुमानित) ८५ हेक्टर |
| २ | लेकाली सामुदायिक वन क्षेत्र | राप्ती | सल्यान | कुभिण्डेदह गा.वि.स. वडा नं ९ | कुभिण्डेदह गा.वि.स. वडा नं ९ भेरी (भंगेरीखोला) | कुभिण्डेदह गा.वि.स. वडा नं ९ घुम्नेनेटा | कुभिण्डेदह गा.वि.स. वडा नं. ९ बाह्रपुजे | मार्के गा.वि.स. वडा नं. ७ वागेचरा र भोटेकाली | (अनुमानित) ४० हेक्टर |

आज्ञाले,
विष्णुदत्त उप्रेती
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।